# कृतज्ञता

यो शोध प्रबन्ध पीएच डी. डिग्रीका निम्ति गरिएको योजनावद्ध कार्यको परिणाम हो। यो काम सम्पन्न गर्दा मलाई धेरै गुणीजनको सहयोगको खाँचो परेको थियो र उहाँहरूको सहयोगले यसलाई यस रूपमा प्रस्तुत गर्ने अवसर मैले पाएको छु। प्रथमतः आफ्ना मूल्यवान सुझाउ परामर्श र निर्देशनले मलाई उपकृत तुल्याउनु हुने मेरा गुरू शोध निर्देशक डा कृष्णराज घतानीप्रति म आफ्नो सश्रद्धापूर्ण भक्ति अर्पण गर्दछु। मैले कार्य गर्दै-गर्दा देखिएका अनेक त्रुटिहरूलाई स्नेहपूर्वक संशोधन गरीदिनु भइ यसलाई टुङ्गामा पुऱ्याउने जुक्ति र हौसला उहाँले मलाई प्रदान गर्नुभएको छ। उहाँकै परामर्शले यस शोध प्रबन्धको विषय पनि छनौट गरिएको थियो भने मलाई परेका सबै अप्ठ्यारा परिस्थितिमा मलाई सघाएर उचित मार्गदर्शनसहित शोधकार्यका निम्ति प्राज्ञिक निर्देशन उहाँले प्रदान गर्नु भएको थियो। यसका निम्ति म उहाँप्रति कृतज्ञता अर्पण गर्दछु।

यसरी नै नेपाली साहित्य जगतका मूर्धन्य साहित्यिक व्यक्तित्वद्वय डा गोकूल सिन्हा अनि श्रद्धेय कृष्णसिंह मोक्तानले मलाई स्नेहपूर्वक आशीर्वाद प्रदान गरी यस कामका निम्ति प्रोत्साहित तुल्याउनु भएको हो, उहाँहरूप्रति म सश्रद्धा सम्झना गर्दै भक्ति अर्पण गर्दछु। नेपाली विभागका प्रोफेसर तथा मेरा आदर्णीय गुरू घनश्याम नेपालप्रति म कृतज्ञ छु, उहाँले मलाई यस काम गर्दाअवधि आवश्यक परामर्शसहित हौसला प्रदान गर्नु भएको छ। उहाँले गर्नुभएको सहयोगप्रति म सधैं ऋणी छु। नेपाली विभागका मेरा अन्य आदर्णीय गुरूहरू प्रोफेसर मोहन पी. दाहाल, डा. नरेशचन्द्र खाती, डा. पुष्कर पराजुलीले मलाई समय र अवसरअनुसार उचित परामर्श र सल्लाह दिनुभएको छ। उहाँहरूलाई मैले यहाँ भक्तिपूर्वक सम्झना गरेको छु। यसै अवसरमा मलाई एम. ए. पढ़दाहुँदो नेपाली विभागमा सत्र २००१ - २००२ मा ज्ञान शिक्षा दिनु हुने नेपाली विभाग, उत्तर बङ्गविश्वविद्यालयका अवकाशप्राप्त रिडर प्रा. लक्ष्मीकान्त शर्मा अनि प्रोफेसर भीमकान्त उपाध्याय अनि प्रोफेसर शान्तिरारज शर्मालाई पनि यहाँ भक्तिपूर्वक सम्झना गरेको छु।

उत्तर बङ्ग विश्वविद्यालय, नेपाली विभागका शोधार्थी सोनाम शेर्पाले यस काम गर्दाहुँदो मलाई भातृस्नेहसहित जुन हौसला, सल्लाह र सहयोग प्रदान गर्नुभएको छ, अतः वहाँले मलाई लाउनु भएको गुण र स्नेहप्रति म सधैं आभारी रहने छु। त्यसरी नै विभिन्न कलेजमा अध्यापन गरिरहनु भएका मेरा आत्मीयजनले मलाई चाहिएको सहयोग प्रदान गर्नुभएको छ। जसमा प्रा. दिलु दर्जी (क्लूनी हुमेन्स महाविद्यालय-कालेबुङ), प्रा. योगेश खाती (खर्साङ महाविद्यालय), प्रा. रेमिका थापा (परिमलमित्र स्मृति महाविद्यालय-मालबजार), प्रा. राजकुमार छेत्री (दार्जीलिङ सरकारी महाविद्यालय), प्रा. मेघनाथ छेत्री (सोनादा डिग्री कलेज) अनि मेरा मित्र प्रा. मेहेरमान सुब्बा (क्लूनी हुमेन्स महाविद्यालय-कालेबुङ), डा. विशु सिंह ( विज्ञान विभाग–सिक्किम विश्वविध्यालय ) लाई

आभार व्यक्त गर्दछु । यस शोधप्रबन्ध तयार पार्दा विभिन्न पुस्तकालयको सहयोग लिनुपरेको थियो, सबै पुस्तकालयका अधिकारी र कर्मचारीप्रति पनि धन्यवाद प्रकट गर्दछु।

यसरी नै शोधप्रबन्ध तयार पार्दा गर्नुपर्ने खोज र अध्ययनका निम्ति यथेष्ट सहयोग दिने श्रीमती सरिना, छोरो ऋषिराज लगायत मेरा परिवारका सम्पूर्ण सदस्यवर्ग अनि विशेष दाज्यु चुड़ामणि बर्देवा (साउदी अरब) लगायत सम्पूर्ण बन्धु वान्धव तथा शुभचिन्तकहरू जो सबैकोमाया र उत्साहपूर्ण वाणीले मलाई सधैं प्रेरित गरेको मैले पाएको छु।

शोध प्रबन्धको अन्त्यमा परिशिष्ट अन्तर्गत कृष्णसिंह मोक्तान, बारिक काश्मिरी, देवराज मुखिया अनि एन. बी. मोतेसित लिइएको अन्तर्वार्ता राखिएको छ । शोधकार्यका निम्ति आवश्यक सूचना प्रदान गरी मलाई उपकृत तुल्याउनका साथै औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दासका गद्याख्यान बारे अनि दार्जीलिङ हिमालयन रेलसित सम्बन्धित सोधिएका मेरा विविध प्रश्नहरूको उत्तर दिनुभएर मलाई सहयोग पुर्याउनु भएकोमायहाँहरू प्रति म आफ्नो सहृदय कृतज्ञता अर्पण गर्दछु । यसरी नै शोध प्रबन्ध तयार गर्ने क्रममा सहृदय सहयोग पुऱ्याउनु हुने डा. अनिता लामा अनि डा. निना राई लाई पनि सम्झना गर्नु म आफ्नो कर्तव्य ठान्छु । शोधकार्य भनेको सामूहिक कार्य हो भन्ने कुरो स्वीकार गर्दै यहाँ कसैको नाउँ लिन बिर्सिरहेको भएमा क्षमा चाहन्छु अनि मलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा महत्वपूर्ण सहयोग पुऱ्याउने सम्पूर्ण शुभचिन्तकहरूलाई म सम्झन चाहन्छु। मलाई प्राथमिक शिक्षादेखि उच्च शिक्षा आर्जन गर्दासम्म शिक्षा प्रदान गर्नुहुने ती सबै गुरूबा एवम् गुरूमाहरूप्रति म भक्ति अर्पण गर्दछु।

अन्त्यमा मलाई यस संसारमा जन्म दिएर कर्म चिनाउने मेरा पूज्यनीय बाबा स्व. विष्णु दर्जी अनि आमा श्रीमती धनमाया दर्जीप्रति आजन्म ऋणी छु।

शोधार्थी

.......................

अमीर दर्जी

नेपाली विभाग

उत्तर बङ्ग विश्वविद्यालय